का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ फागुन २०७९,
बिहीबार
2 March 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३६ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



# राष्ट्रपति निर्वाचनले संसद प्रभावित

“ राष्ट्रपतिको निर्वाचन परिणामपछि अहिलेको सरकारले पूर्णता पाउँछ र सरकारले संसदलाई बिजनेस दिन्छ भन्ने विश्वास गर्न सकिन्छ ।

**डा. प्रकाशशरण महत, प्रवक्ता, कांग्रेस**

“ राष्ट्रपति निर्वाचन लगत्तै प्रधानमन्त्रीले विश्वासको मत लिने तयारी छ । त्यसपछि सरकार र सदन दुबै आ-आफ्नो काममा रफ्तारमा अगाडि बढ्ने विश्वास दिलाउन सकिन्छ ।

**रेखा शर्मा, प्रवक्ता, सरकार**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

आम चुनाव (गत मंसिर चार गते भएको निर्वाचन) भएको साढे तीन महिना भयो । निर्वाचन परिणामपछि प्रतिनिधिसभा सदस्यहरुले शपथ ग्रहण गरेको पनि साढे दुई महिना भयो । गत पुस ७ गते प्रतिनिधिसभा सदस्यहरुले शपथ ग्रहण गरेका थिए । २५ पुसबाट प्रतिनिधिसभाको बैठक नै शुरु भएको थियो । तर, अझै प्रतिनिधिसभा आफ्नो मुख्य काम (कानून निर्माण)मा केन्द्रीत हुन सकेको छैन । संसदले सरकार बनाइसकेको छ । तर, सरकारले पूर्णता पाउन भने सकेको छैन ।

संसदले सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न गरेको छ । यसबाहेकका काम यसबीचमा केही भएका छैनन् । २५ फागुनमा राष्ट्रपतिको र ३ चैतमा उपराष्ट्रपतिको निर्वाचन निर्वाचन हुँदैछ । नेताहरु राष्ट्रपति निर्वाचनका कारण संसदीय समिति गठन हुन नसकेको बताउँछन् । प्रतिनिधिसभामा १० र राष्ट्रिय सभासमेत गरी दुई वटा संयुक्त समिति गठन हुनेछन् । महाअभियोग सिफारिस समिति लगायतका विशेष समिति पनि गठन गर्न सक्ने व्यवस्था प्रतिनिधिसभा नियमावलीमा छ । तर, सदन सञ्चालनका लागि अत्यावश्यक प्रतिनिधिसभा नियमावली समेत पारित हुन सकेको छैन ।

> राष्ट्रपति निर्वाचनका कारण संसदीय समिति गठन हुन सकेको छैन । संसदमा रहेका विचाराधीन विधेयकहरु पनि अगाडि बढ्न सकेको छैन । सदन सञ्चालनका लागि अत्यावश्यक प्रतिनिधिसभा नियमावली समेत पारित हुन सकेको छैन ।

१० फागुनमा प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन पेश भएको थियो । जेष्ठ सदस्यको हैसियतमा प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको सभापतित्व गरेका सांसद चित्रबहादुर केसीले प्रतिवेदन संसदमा पेश गरेका थिए । उक्त प्रतिवेदनउपर थप छलफल सभामा अगाडि बढेको छैन ।

राष्ट्रपति निर्वाचनकै कारण संसदमा रहेका विचारधीन विधेयकहरु पनि अगाडि बढ्न सकेको छैन । संघीय संसद सचिवालयका अधिकारीहरु राष्ट्रपति निर्वाचन लगत्तै संसदले गति लिने विश्वास गर्छन् । प्रधानमन्त्री – बाँकी पृष्ठ २ मा

# अस्थिरताको भय

नेपाली राजनीतिले सात दशकदेखि स्थिरता खोजिरहेको छ । यसैका निम्ति प्रजातन्त्रमा विभिन्न अभ्यास मुलुकमा भए । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक निर्वाचन प्रणालीमा फेरि पनि फेरबदलको प्रयास हुन सक्ने संकेतहरु देखा परेको यस क्षेत्रका जानकारहरुको चिन्ता छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

प्रदेश १ को नामाकरण ‘कोशी प्रदेश’ भएको छ । प्रदेशको नामको विषयमा जुटेको सहमतिले राजनीतिक भविष्य देखाउने राजनीतिक शास्त्रका अध्यापकहरु बताउँछन् । अघिल्लो पाँच वर्षको कार्यकालमा यो प्रदेशले आफ्नो नाम राख्न सकेको थिएन । अघिल्लो पटक प्रदेश सभामा पहिचान पक्षधरहरुको बाहुल्यता थियो । यसपटक कमजोर भएपछि कोही प्रदेशमा सबै दल सहमत हुन पुगे ।

यसमा रोचक विषय छ- दुई किनारमा रहेका कांग्रेस एमाले एक भए । माओवादीले पनि पहिचानको अडान लिएन । आगामी दिन माओवादी ८/१० सिटमा सीमित हुन सक्ने आंकलन कतिपयले गर्ने गर्छन् । यस्तै संघमा प्रदेश खारेजीका विषय र समानुपातिक प्रणालीका विषयमा यसैगरी कांग्रेस र एमाले एक हुन सक्ने भय कतिपयमा छ । कांग्रेस एमाले मिल्दा दुई तिहाई पुग्न सक्छ । पहिचान र संघीयता कांग्रेस एमालेले जबर्जस्त मानिदिएको बुझाइ कतिपयको छ । अधिकार नपाएर काम गर्न नसक्दा प्रदेश संरचनामाथि जनविश्वास आर्जन छैन । धर्मका विषयमा कांग्रेस र एमाले दुबैभित्र बहस छ । माओवादी सँगै संविधान र पहिचानको मुद्दा लोकतान्त्रिक प्रक्रियाबाटै बिलय नहोला भन्न नसकिने चिन्ता क्षेत्रका सरोकारवालाहरुको छ ।

नेपाली राजनीतिले सात दशकदेखि स्थिरता खोजिरहेको छ । यसैका निम्ति प्रजातन्त्रमा विभिन्न अभ्यास मुलुकमा भए । संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक निर्वाचन प्रणालीमा फेरि पनि फेरबदलको प्रयास हुन सक्ने संकेतहरु देखा परेको यस क्षेत्रका जानकारहरुको चिन्ता छ । यो चिन्ता अस्थिरताको भयसँग जोडिएको छ ।

राजनीतिक विश्लेषक डा. विष्णु दाहाल अहिलेको सरकार नै थप अस्थिर बन्ने सम्भावना बढेको बताउँछन् । एकातिर संसदमा एकदमै धेरै दलको प्रतिनिधित्व छ भने अर्कोतिर सत्ताका लागि जतापनि समीकरण गर्ने प्रवृत्ति बढेको छ । यसले दिर्घकालीन अस्थिरतालाई जोड दिन सक्ने उनलाई लाग्छ ।



“ अहिलेको सरकार थप अस्थिर बन्ने सम्भावना बढेको छ, एकातिर संसदमा एकदमै धेरै दलको प्रतिनिधित्व छ भने अर्कोतिर सत्ताका लागि जतापनि समीकरण गर्ने प्रवृत्ति बढेको छ ।

**डा. विष्णु दाहाल**
राजनीतिक विश्लेषक

तीन स्वतन्त्रसहित ७ दलका १६९ सांसदको समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल अल्पमतमा परेपछि नयाँ गठित सरकार पनि अस्थिर बनेको हो । नेपालमा बहुदल स्थापना भएदेखि नैं पटकपटक अस्थिर बन्दै आएको राजनीति प्रचण्ड अल्पमतमा परेसँगै थप अस्थिर हुने देखिएको हो । सत्ता साझेदार राप्रपाले शनिबार मन्त्रीहरुलाई फिर्ता बोलाएर सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो भने एमालेले सोमबार सरकारलाई दिएको समर्थन फिर्ता लिने घोषणा गर्दै मन्त्रीहरुलाई फिर्ता बोलाएको थियो । मूलतः परराष्ट्रमन्त्री डा. विमला राई पौडेललाई संयुक्त राष्ट्रसंघको महासभामा जान प्रधानमन्त्री प्रचण्डले रोकेपछि एमालेले तत्कालै बैठक राखी समर्थन फिर्ता लिने निर्णय गरेको थियो ।

‘प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा – बाँकी पृष्ठ २ मा

# फेरि बल्झियो विपक्षी दलको विवाद

विपक्षी दलको नेतामा कांग्रेस सभापति शेरबहादुर देउवाको दाबी सुरुदेखि छ । यसैमा थपिएका छन्-नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । देउवाको दाबी विरुद्ध सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ । दुई ठूला दलले प्रतिपक्षी बेन्च रोजेपछि प्रतिनिधिसभाको बैठक नै बस्न सकेन ।



“ सरकारलाई दिएको समर्थन फिर्ता लिएका कारण अब एमाले प्रतिपक्षी बेन्चमा रहन्छ ।

**लिलानाथ श्रेष्ठ**
**सांसद, एमाले**



“ हामी सरकारमा गएको भए पो सत्तापक्षको बेन्चमा बस्नु । गएकै छैन सरकारमा, अनि किन प्रतिपक्षी बेन्चमा नबस्नु ?

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

प्रतिनिधिसभाको बैठक बुधबार दिउँसो एक बजे बस्ने तय भएको थियो । तर, बैठक बस्ने तय भएको करिब दुई घण्टा अगाडि संघीय संसद सचिवालयले बैठक स्थगित भएको सूचना जारी गऱ्यो । कारण - नेपाली कांग्रेस र नेकपा एमालेले प्रतिपक्षी बेन्चमा गरेको दाबी ।

१० पुसमा पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाएको नेकपा एमालेले सरकारलाई दिएको समर्थन नै फिर्ता लिएको छ । २५ पुसमा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको नेपाली कांग्रेस निरन्तर प्रतिपक्षी बेन्चमा बस्दै आएको छ । आफूहरु विगत देखि नै प्रतिपक्षमा रहेको र सरकारमा समेत सहभागी नभएको भन्दै कांग्रेसले बुधबार पनि प्रतिपक्षी बेन्चमै बस्ने अडान कायमै राख्यो । एमालेले पनि प्रमुख प्रतिपक्षी आफू भएको दाबी गर्दै कांग्रेसको ठाउँ लिने भन्यो । विवाद मिलेन र प्रतिनिधि सभाको बैठक १८ दिन पर सरेको छ । अर्थात, विपक्षी दलको नेतामा कांग्रेस सभापति शेरबहादुर देउवाको दाबी सुरुदेखि छ । यसैमा थपिएका छन्-नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली । देउवाको दाबी विरुद्ध सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ ।

दुई ठूला दलले प्रतिपक्षी बेन्च रोजेपछि बुधबार प्रतिनिधिसभाको बैठक नै बस्न सकेन । – बाँकी पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

# सहमतिमा विवाद समाधान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

महानगरीय प्रहरी प्रभाग नयाँ बानेश्वरले वैदेशिक रोजगार विभागमा मंगलबार झडपमा उत्रिएका सबैलाई रिहा गरेको छ । वैदेशिक रोजगारबाट फर्किएका बाइक राइडर पीडितलाई न्याय दिलाइदिने भन्दै वैदेशिक रोजगार विभाग प्रवेश गरेको एक समूह र त्यहाँ रहेका व्यक्तिहरूबीच धक्कामुक्की भएको थियो ।

यूएईबाट फर्केका बाइक राइडरहरूलाई पर्याप्त क्षतिपूर्ति नदिइएको दाबी गर्दै सामाजिक अभियन्ता तारा बराल र केही क्यामराम्यान विभाग पुगी छलफल हुँदा चर्काचर्की भएको थियो । त्यसैक्रममा कसैको हेलमेट प्रहारबाट भुईंमा लडेकी बराललै टाउकोमा गम्भीर चोट लागेको बताएपछि उनको सिटीस्क्यान गरिएको थियो । सिटीस्क्यानमा उनको अवस्था सामान्य देखिएपछि प्रहरीले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पहलमा छलफल गराई भविष्यमा घटना नदोहोऱ्याउने प्रतिबद्धता लिएर पक्राउ परेका सबैलाई छोडेको हो । प्रहरीले चार जना क्यामराम्यान र सप्तकोसी म्यानपावरमा कार्यरत एक जनालाई पक्राउ – बाँकी पृष्ठ २ मा

## मलेसियामा स्वदेशीलाई हटाएर विदेशी कामदार राख्न नपाइने

**काठमाडौं/मस–** मलेसियाका मानव संशाधन मन्त्री शिव कुमारले विदेशी कामदार भर्ना गरेर स्वदेशी कामदार हटाउने रोजगारदातालाई कडा कारबाही गर्ने चेतावनी दिएका छन् । मलेसियामा विदेशी कामदार भर्ना गरेर स्वदेशी कामदारलाई रोजगारीबाट हटाए रोजगारदातालाई ५० हजार रिंगेटसम्म जरिवाना र कोटा कटौती गर्ने कानूनी व्यवस्था छ ।

मानव संशाधन मन्त्री शिव कुमारले स्वदेशी कामदार हटाए कडाइका साथ उक्त कानूनी व्यवस्था कार्यान्वयन गर्ने बताएका छन् । मन्त्री शिव कुमारले मानव संशाधन – बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ फागुन २०७९, बिहीबार
2 March 2023, Thursday

# दुई दर्जन बढी कम्पनी खोलेर ठगी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन




ठगी मुद्दामा पक्राउ परेका पृथ्वीबहादुर शाहले केही व्यक्तिसहितको मिलोमतोमा २४ भन्दा बढी कम्पनी स्थापना गरी संगठित रुपमा ठगी गरेको प्रहरी अनुसन्धानमा खुलेको छ। व्यवसायी शाहले ठगी गर्नैका लागि २४ भन्दा बढी कम्पनी खोलेको पाइएको हो । शाहले विजयविक्रम शाहसँग मिलेर २४ भन्दा बढी कम्पनीमार्फत संगठितरुपमा धन्धा चलाएको प्रहरी अनुसन्धानमा खुलेको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले जनाएको छ । ब्यूरोका अनुसार विजयविक्रम नातामा पृथ्वीबहादुरका भाइ हुन् ।

सीआईबीले पृथ्वीबहादुरविरुद्ध ठगी, संगठित अपराध, सहकारी ठगी र लिखतसम्बन्धी कसूर गरी चारवटा मुद्दा दायर गर्न सुझाव दिएको छ । बुधबार पत्रकार सम्मेलन गर्दै ब्यूरोले शाह र उनका सहयोगीका कृत्यको तथ्यांकसहित प्रहरीले उक्त मुद्दा दायर गर्न सरकारी वकिल कार्यालयलाई सुझाव दिएको हो । शाहसहितका व्यक्तिहरूमाथि थप १० वटा उजुरी परेका छन् । प्रहरी हिरासतमा रहेका शाहविरुद्ध फागुन १६ गते ठगीसम्बन्धी १० थप जनाको उजुरी परेकोमा अनुसन्धान ब्यूरोले अनुसन्धान गरिरहेको जनाएको छ ।

शंकास्पद पैसा ओसारपसार गरेको आरोपमा प्रहरी हिरासतमा रहेका अछामका शाह, उनका निकटतम व्यक्ति र संस्थाको रोक्का रहेको बैंक खाताबाट रकम निकाल्न अनुमति दिने र खाता खोल्ने ५ वाणिज्य बैंकलाई समेत राष्ट्र बैंकले कारबाही गरेको छ ।

उनीहरुलाई कारबाही गर्नका लागि सीआईबीले अनुसन्धान प्रतिवेदन बुधबार सरकारी वकिल कार्यालय काठमाडौंमा बुझाएको छ । रिमोट एक्सेसबाट पीडितहरुको डिभाइसमार्फत बैंक एकाउण्टमा पहुँच पुऱ्याउने र मौज्दात रकम नेपाल र थाइल्याण्डमा पठाउने गरेको खुलेको छ ।

उनले क्यानसर अल्जाइमर रोग पीडित र जेष्ठ नागरिकलाई टार्गेट गरी ठगी गर्ने र पीडितलाई सम्पत्ति शुद्धिकरण विभागले कारबाही गर्छ र कानुनी उल्झनमा परिन्छ भनि कानुनी प्रक्रियामा नजान धम्की दिने गरेको खुलेको छ ।

उनले पीडितलाई नक्कली बैंक स्टेटमेन्ट देखाइ पीडितबाट सोही रकमसमेत फिर्ता दिने गरेको खुलेको छ। उनले अमेरिकी डलर ४५ लाख ४६ हजार ६ सय ३९, पाउण्डस्टलिङ २२ हजार र क्यानडियन ३ लाख ४० हजार ठगी गरेको सीआईबीको निस्कर्ष छ ।

# 'थाती रहेका विधेयकहरुलाई अघि बढाउँछु'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन




सभामुख देवराज घिमिरेले संसदमा थाती रहेका विधेयकहरुलाई क्रमशः अघि बढाउने बताएका छन्। बुधबार नेपाली पत्रकारहरुको अन्तर र्राष्ट्रिय सञ्जाल (इञ्जा) ले इञ्जा डेको अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सञ्चारमाध्यमसम्बन्धी विधेयकलाई अघि बढाउन आफू तयार रहेको बताएका हुन् । सभामुख घिमिरेले सञ्चारकर्मीहरुको हक अधिकार र व्यावसायिक दक्षतासँग जोडिएका कतिपय विधेयकहरु अल्झिरहेका, विवादमा परेर रोकिएको भन्दै तिनीहरुलाई अघि बढाउन आफू तयार रहेको बताए ।

'सञ्चारकर्मीहरुको हक अधिकार र व्यावसायिक दक्षताको लागि नीति र व्यवहारबाट सहयोग गर्नुपर्ने कतिपय विधेयकहरु अल्झिरहेका, विवादमा रहेर रोकिएका यी कुराहरुलाई सभामुख भएको नाताले अघि बढाइयोस् भन्ने चाहना आकांक्षा जायज छ' सभामुख घिमिरेले भने, 'यस क्षेत्रका समस्या के हुन्, आउन लागेको विधेयको विरोध गर्नुको कारण के हो, रोकिएको विधेयक अघि बढाउन मेरो ठाउँबाट अघि बढाउन म तयार छु ।'

इञ्जाले यस वर्ष इञ्जा बौद्धिक पत्रकारिता पुरस्कारबाट जगत नेपाल र माधवप्रसाद तिवारीलाई सम्मान गरेको छ । यस्तै इञ्जा खोजी पत्रकारिता पुरस्कार, २०७९ बाट मात्रिका दाहाल र तारा वाग्लेलाई सम्मान गरेको छ । ग्रामीण पत्रकारिता पुरस्कार, २०७९ बाट सरिता चलाउने र सिराहाको सामुदायिक रेडियो समग्रलाई सम्मान गरिएको हो। इञ्जाले यस वर्षदेखि प्रदान गर्न थालेको फोटो पत्रकारिता पुरस्कार, २०७९ बाट पत्रकारद्वय सुरेशकुमार श्रेष्ठ र नरेन्द्र श्रेष्ठलाई प्रदान गरिएको छ।

यसैगरी वरिष्ठ पत्रकारहरू रघु मैनाली, किरण वैद्य, कुमार यात्रु, जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्मा, शंकर भट्टराई, विजया साह र प्रदीप गुरुङलाई सभामुख घिमिरेले इञ्जा सम्मान प्रदान गरेका थिए । पुरस्कारको राशी जनही रु ५० हजार रहेको थियो । इञ्जाको स्थापना सन् २०१५ को मार्च १ मा अमेरिकामा भएको थियो । त्यही दिनको स्मरणमा हरेक वर्षको मार्च १ लाई इञ्जा डेको रुपमा मनाइदै आएको छ ।

# अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी अभिमुखीकरण




**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, १७ फागुन

दाङको बबई गाउँपालिकामा अपाङ्गता परिचयपत्र वितरणसम्बन्धी २ दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ।

पालिकाको महिला बालबालिका तथा सामाजिक विकास शाखाको आयोजनामा तालिम आयोजना गरिएको हो । तालिममा बबई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिनन्द रावल र रामशंकर यादवले अपाङ्गता परिचयपत्र वितरण प्रकृया, वर्गिकरण, अपाङ्गताको परिभाषा, सभ्य र असभ्य भाषाको प्रयोग, राज्यले प्रदान गर्ने सेवा सुविधा, संविधानले ग्यारेन्टी गरेका हक अधिकारलगायतका विषयमा प्रशिक्षण दिएका थिए । तालिममा बबई गाउँपालिका भित्रका ७ वटै वडाका वडाध्यक्ष, वडा सचिव, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारका विषयमा काम गर्ने संघसंस्थाका प्रतिनिधि, बबई गाउँपालिका भित्रका विषयगत शाखा प्रमुखहरुसहित ३० जनाको सहभागिता रहेको गाउँपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखा प्रमुख ईश्वरा रावतले जानकारी दिइन् ।

# रास्वपाको चुनाव चिन्ह परिवर्तन




**काठमाडौं/मस**–राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को चुनाव चिन्हमा सामान्य परिवर्तन गरिएको छ । रास्वपाको चुनाव चिन्ह यसअघि गोलाकारभित्रको घण्टी थियो। अहिले गोलाकार हटाइ घण्टी मात्र राखिएको छ। रास्वपा महामन्त्री एवं प्रवक्ता मुकुल ढकालले बुधबार विज्ञप्ति जारी गर्दै चुनाव चिन्ह परिवर्तन गरिएको जानकारी दिएका हुन् ।

घण्टी चुनाव चिन्ह भएको रास्वपाले बाहिरको गोलाकार हटाइदिन निर्वाचन आयोगमा पत्राचार गरेको थियो । आयोगले रास्वपाको प्रस्ताव फागुन १५ गते स्वीकारेपछि चुनाव चिन्ह फेरिएको हो ।

# सुन र हीराका गहनासहित तीन जना पक्राउ



**चितवन/मस**– भन्सार छलेर ल्याएको एक करोड १० लाख रुपैयाँ बराबरको सुन र हीराको गहनासहित तीन भारतीय नागरिक पक्राउ परेका छन् । भारतबाट काठमाडौं लैजाँदै गरेको ६३ दशमलव ८९८ तोला र हीरा जडित गरगहना २२ दशमलव ८७८ तोला गहनासहित उनीहरु पक्राउ परेका हुन् ।

भारतको कलकत्ताबाट काठमाडौं जान आउँदै गरेको भारतीय नम्बर प्लेटको डब्लूबि १२ एभी ५५६६ नम्बरको भारतीय गाडीमा लुकाइछिपाइ ल्याउँदै गरेको गहना बुधबार बिहान १ बजे प्रहरीले नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय चितवनले बुधबार पत्रकार सम्मेलन गरेर पक्राउ परेका तीन जना र बरामद सामान सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा भारतको उत्तर प्रदेश राज्य बलिया जिल्ला फेफना थानका ४२ वर्षीय विनोद प्रसाद, पश्चिम बङ्गाल राज्य हौडा जिल्ला गोलावाडी पुलिस थाना सल्किया स्कुलरोल कलकत्ताका ५१ वर्षीय गणपतकुमार तोसावर र ४२ वर्षीय नरेश बर्मा रहेको कार्यालयका प्रमुख रामेश्वर कार्कीले जानकारी दिए। उनका अनुसार भन्सार छली ल्याएको गरगहना काठमाडौं लै जाँदै गरेको सूचनाका आधारमा पक्राउ र बरामद गरिएको हो । बरामद सामान र पक्राउ परेका उनीहरूलाई राजस्व अनुसन्धान विभाग पठाइएको उनले बताए ।

यस्तै जिल्ला प्रहरी कार्यालयले ३३ बोतल लागुऔषध कोरेक्ससहित तीन जनालाई नियन्त्रणमा लिएको छ । पूर्वी चितवनको खैरहनी नगरपालिका-६ जमौलीस्थित सडकमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश ३-०१-०२४ च ८७७० को कारमा ल्याउँदै गरेको अवस्थामा लागुऔषध पक्राउ गरिएको हो। पक्राउ पर्नेमा भरतपुर महानगरपालिका-१२ का ४० वर्षीय सुरजकुमार शाही, ३६ वर्षीय प्रकाश गौतम, भरतपुर-२ का ५० वर्षीय शैलेन्द्र श्रेष्ठ रहेका प्रहरीले जनाएको छ ।

## राष्ट्रपति....

तथा मन्त्रिपरिषद कार्यालयका अधिकारीहरु पनि राष्ट्रपतिको निर्वाचनपछि संसदमा विजनेशहरु अगाडि बढ्ने विश्वास व्यक्त गर्छन् ।

सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा राष्ट्रपति निर्वाचनले सत्ता समीकरण नै फेरिने अवस्था बनेका कारण सदनका कतिपय विषयहरु कम प्राथमिकतामा परेको जस्तो देखिएको बताउँछन् । १० पुसमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बन्दा पाँच दलीय सत्ता समीकरण बनेको थियो । जसको प्रमुख सत्ता साझेदार दल नेकपा एमाले थियो । राप्रपा सहितको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डसँग हाल एमाले र राप्रपाको समर्थन छैन । एमाले र राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएका कारण प्रधानमन्त्री प्रचण्डले संसदलाई विजनेश दिने भन्दा आफैँले विश्वासको मत लिने तयारी थालेका छन् ।

सञ्चारमन्त्री शर्मा भन्छिन्, 'राष्ट्रपति निर्वाचन लगत्तै प्रधानमन्त्रीले विश्वासको मत लिने तयारी छ। त्यसपछि सरकार र सदन दुबै आ-आफ्नो काममा रफ्तारमा अगाडि बढ्ने विश्वास दिलाउन सकिन्छ ।'

स्वयम सांसदहरु पनि सरकारले संसदलाई बिजनेस नदिँदा संसदले राम्रोसँग काम गर्न नसकेको गुनासो गर्छन् । सरकार बनाउने, सभामुख र उपसभामुखको निर्वाचन गर्ने लगायतका संसद प्राविधिक कुराहरुमा अल्झिँदा अन्य संसदीय गतिविधिहरु हुन सकेका छैनन् । यसप्रति स्वयम सांसदहरु गूनासो गर्दछन् ।

सरकारले अघिल्लो प्रतिनिधि सभाको कार्यकाल सकिएपछि २७ वटा विधेयक निष्क्रिय भएकामध्ये सम्पत्ति शुद्धिकरण मनि लाउण्डरिङ निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक दर्ता गरेको छ । बाँकी विधेयकहरुबारे कुनै निर्णय लिइएको छैन् । यसको अलावा प्रतिनिधि सभामा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक छ । यो विधेयक राष्ट्रिय सभाबाट पारित भएर आएको विधेयक हो ।

समग्र संसदीय गतिविधिलाई नियाल्दा सरकार नै गम्भीर हुनुपर्ने देखिएको बताउँछन् नेपाली कांग्रेसका प्रवक्ता एवम् सांसद डा. प्रकाशशरण महत । सरकारले संसद कहिलेसम्म चल्ने हो भन्ने सुनिश्चितता दिन नसकेकाले सांसदहरुले संसद्मा आएका विधेयकहरुमा ध्यान दिन नसकिरहेको उनको भनाइ छ । 'सरकारले संसदको निश्चित अवधि, विषयवस्तुको बारेमा सांसदहरुलाई जानकारी दिए विधेयकहरुमा सांसदहरुको पनि पूर्ण ध्यान केन्द्रित हुने हो' उनले भने । संसदीय समितिहरु बन्न नसक्नुले संसद्को गरिमा, औचित्य, जिम्मेवारी पूरा गर्ने काममा समस्या आएको उनी बताउँछन् । राजनीतिक दलको दाउपेचले संसद् छाँयामा पर्दै गएको उनलाई लाग्छ । फागुन २५ गतेसम्म रस्साकसीमा समय जाने भएकाले त्यसपछि सदनले गति लिन सक्ने उनलाई विश्वास छ । उनी भन्छन्, 'राष्ट्रपतिको निर्वाचन परिणाम पछि अहिलेको सरकारले पूर्णता पाउँछ र सरकारले संसदलाई बिजनेस दिन्छ भन्ने विश्वास गर्न सकिन्छ ।' चलु अधिवेशन २५ पुसबाट सुरु भएको थियो। चैतको दोस्रो सातासम्म अधिवेशन कायम राख्ने सरकारको तयारी छ।

## अस्थिरताको...

तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्नु पर्नेछ' संविधानको धारा १०० को उपधारा २ मा भनिएको छ । उक्त धारा अनुसार अब प्रधानमन्त्रीले पुन विश्वासको मत लिनुपर्ने अवस्था आएको हो ।

'अहिलेको सरकार थप अस्थिर बन्ने सम्भावना बढेको छ, एकातिर संसदमा एकदमै धेरै दलको प्रतिनिधित्व छ भने अर्कोतिर सत्ताका लागि जतापनि समीकरण गर्ने प्रवृत्ति बढेको छ,' राजनीतिक विश्लेषक डा. विष्णु दाहालले भने । उनले अघिल्ला सरकार जस्तै यो सरकार पनि अस्थिरताको भुमरीमा मात्रै अल्मल्लिने दाबी गरेका हुन् ।

पछिल्ला दिनमा १८ पटक गठबन्धन, ५ पटक बहुमत, १ पटक मिलीजुली, १ पटक अल्पमत, १ पटक अन्तरिम र २ पटक राजाले प्रत्यक्ष शासन गरिसकेका छन् ।

२०४७ वैशाख ६ मा कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा गठन भएको मिलिजुली सरकार २०४८ जेठ १२ गतेसम्म चलेर आम निर्वाचनमा ११० स्थानमा विजय हासिल गर्दै एकल बहुमतको सरकार गठन भएको थियो । तर, कांग्रेसभित्रको गुटबन्दीका कारण उक्त सरकार टिक्न सकेन र मध्यावधि चुनावको घोषणा भयो । मध्यावधि निर्वाचनमा कसैको बहुमत नआएपछि एमालेको नेतृत्वमा सरकार गठन भएको थियो । तर, कांग्रेसले अविश्वासको प्रस्ताव ल्याएपछि संसद विघटन भएपनि अदालतको निर्णय अनुसार कांग्रेसका शेरबहादुर देउवाले नेतृत्व गरेका थिए ।

सरकारको नेतृत्व गरेको १८ महिनामै सरकार अल्पमतमा परेपछि प्रधानमन्त्री देउवाले राजीनामा दिएर तत्कालीन राजा वीरेन्द्रले फागुन २७ गते राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरे । तर, राजनीतिक अस्थिरता बढ्न थालेपछि उनले केही महिनामै राजीनामा दिएर कांग्रेसका गिरिजाप्रसाद कोईराला नियुक्त भए। पुन २०५६ को आम निर्वाचनबाट प्रतिनिधिसभामा स्पष्ट बहुमत ल्याएपछि कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्रीमा नियुक्त भए। तर, आफ्नै पार्टीका ६९ जना सांसदले अविश्वासको प्रस्ताव राखेपछि उनले प्रधानमन्त्रीबाटै राजीनामा दिएका थिए। संविधान निर्माणपछिका सरकार पनि स्थिर भने बन्न सकेका छैनन् । एमाले माओवादी सहितको नेकपाले दुईतिहाई नजिकको मत पाउँदा पनि नेताहरुबीचको खटपटले संसद विघटन भएर देउवाको नेतृत्वमा सरकार गठन भयो । अहिले प्रचण्डको नेतृत्वमा गठन भएको नयाँ सरकार पनि ६४ दिनमै अल्पमतमा परेको छ ।

## फेरि...

त्यसपछि दलहरुसँगको समन्वयमा संसद सचिवालयले सूचना जारी गरेर बैठक नै आगामी चैत ५ गतेसम्मका लागि स्थगित गरिदियो । संघीय संसदका महासचिव डा. भरतराज गौतमले जारी गरेको सूचनामा विशेष कारणबस सभामुखले प्रतिनिधि सभा बैठक चैत ५ गतेसम्मका लागि स्थगित गर्ने निर्णय गरेको उल्लेख छ । त्यो विशेष कारण भनेको नेपाली कांग्रेस र नेकपा एमाले दुवै प्रतिपक्षमा बस्ने स्थिति हो । कांग्रेस र एमाले दुवै प्रमुख प्रतिपक्षको बेन्चमा बस्ने अवस्था आएपछि संसद बैठक स्थगित गरिएको एक नेताले बताए ।

पहिले सरकारमा रहेको नेकपा एमालेले सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएर सरकारबाट बाहिरिसकेको छ ।

एमालेका लिलानाथ श्रेष्ठले आफूहरु आजको संसद बैठकमा प्रतिपक्षको बेन्चमा बस्ने बताएका थिए । 'सरकारलाई दिएको समर्थन फिर्ता लिएका कारण अब एमाले प्रतिपक्षी बेन्चमा रहन्छ,' श्रेष्ठले भनेका थिए । यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएर पनि प्रतिपक्षको बेन्चमा बस्दै आएको नेपाली कांग्रेस अहिले आठ दलीय सत्ता गठबन्धनमा छ । राष्ट्रपति निर्वाचनमा कांग्रेस नेता रामचन्द्र पौडेल सत्ता गठबन्धनको साझा उम्मेदवार छन्। तर कांग्रेस सरकारमा गइसकेको भने छैन । 'हामी सरकारमा गएको भए पो सत्तापक्षको बेन्चमा बस्नु । गएकै छैन सरकारमा अनि कहाँ प्रतिपक्षी बेन्चमा नबस्नु त ।' कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले भने।

## सहमतिमा...

गरेको थियो। पक्राउ परेका व्यक्ति छुटेपछि उपस्थित वैदेशिक रोजगार व्यवसायीलाई सम्बोधन गर्दै नेपाल वैदेशिक रोजगार व्यवासयी संघका अध्यक्ष राजेन्द्र भण्डारीले पीडितलाई न्याय दिने भन्दै कानून हातमा लिने प्रवृत्तिविरूद्ध उत्रिएर व्यवसायी कानूनी शासन र विधिको पक्षमा उभिएको बताए। उनले अराजकता सिर्जना गर्ने तत्वविरूद्व निरन्तर खबरदारीका लागि व्यवसायीहरुलाई सचेत र संगठित हुन आग्रह गरे ।

केही दिनयता वैदेशिक रोजगारबाट फर्केका पीडितलाई न्याय दिलाइदिने भन्दै क्यामर ासहित हुलहुज्जतमा उत्रिएर दैनिक कार्यसम्पादनमा अवरोध उत्पन्न भएको विभागले बताएको छ । विभागले कार्यालय प्रवेशमा समेत कडाइ गरेको छ ।

## मलेसियामा...

मन्त्रालयमा यस्ता स्थानीय नागरिकले आफूहरूलाई विभिन्न बहानामा कामबाट हटाएको भन्दै उजुरी दिएको बताउँदै विदेशी कामदार ल्याउन खुकुलो नीति लागू गरेपछि स्वदेशी कामदारका गुनासा बढेको पनि बताए। पछिल्ला महिनाहरूमा ठूलो संख्यामा विदेशी कामदार भित्र्याएको मलेसियाले ओभरस्टे भई अवैधानिकरूपमा बसेका ३ लाख ८० हजार विदेशी कामदारलाई रि-क्यालिब्रेसनमार्फत वैधानिक बनाएको छ ।

मलेसियाका गृहमन्त्री सैफुद्धिन नासुअन इस्माइलले कोरोना भाइरसपछि मुलुकमा देखिएको विदेशी कामदारको अभाव पूर्ति गर्न अलेखवद्ध अवस्थामा रहेका विदेशी कामदारलाई वैधानिक गरिएको बताएका छन्। उनले रि-क्यालिब्रेसन कार्यक्रमले प्लान्टेसन, कृषि, म्यानुफ्याक्चरिङ र सेवा क्षेत्रमा कामदारको अभाव पूर्ति भएको बताएका छन्।

कोभिड-१९ का कारण झण्डै तीन वर्ष विदेशी कामदार रोकेको मलेसियाले करिब एक वर्षयता तिव्रताका साथ विदेशी कामदार लगेको छ । त्यसमा नेपाली कामदारको संख्या पनि उल्लेख्यरूपमा वृद्धि भएको देखिएको छ ।

# गौर हस्पिटलमाथि छानविन गर्न माग

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ फागुन

मधेश प्रदेश सरकार मातहत रहेको प्रादेशिक अस्पताल गौरको मुख्य गेट अगाडि सञ्चालनमा रहेको गौर हस्पिटल प्राइभेट लिमिटेडमाथि छानविन गर्न माग गरिएको छ । जिल्लाको मुख्य सरकारी अस्पतालको रुपमा रहेको गौर अस्पतालमा स्वास्थ्य सेवा लिन जाने बिरामीहरूलाई झुक्याएर अनुचित लाभ लिने उद्देश्यले जिल्ला अस्पतालको नामसँग मिल्ने खालको नाम राखेर उक्त हस्पिटल सञ्चालन गरिएको भन्दै गौर हस्पिटल प्रालिको दर्ता र नाम प्रक्रियाबारे छानविन गर्न माग गरिएको हो। गौर नगरपालिका वडा नं. ३ मा रहेको गौर अस्पतालभित्र प्रवेश गर्ने मुख्य गेटदेखि पूर्व करिब ५० मिटरकै दुरीमा मिल्ने नामको निजी अस्पताल खोल्न नमिल्ने जानकारहरु बताउँछन् ।

घनश्याम साह, राधे श्याम साह र रामानन्द साहले सञ्चालन गर्दै आएको गौर हस्पिटल प्रा.लि. ले बाहिरबाट चिकित्सक बोलाएर उपचार गर्ने भन्दै चर्को शुल्क लिने गरेकोसमेत खुलेको छ । स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्य राखेर अस्पताल सञ्चालन गर्न चाहँदा सदर अस्पतालबाट सहमति लिनुपर्ने प्रावधान रहेकोमा सो नलिइ एउटै नामबाट अर्को अस्पताल खोल्नु अवैधानिक रहेको स्थानीय विनोद यादवले बताए ।

तत्कालीन गौर नगरपालिकाका नगरप्रमुख अजय कुमार गुप्ताले गौर हस्पिटल प्रा.लि. सञ्चालनका लागि अनुमति प्रदान नगरेको अस्पतालको आम परिवर्तन गर्नुपर्ने जानकारी हुँदा हुँदै पनि गौर अस्पतालको नक्कल गरी खोलिएको अस्पतालमाथि छानविन गर्नको लागि राजदेवी नगरपालिका वडा नम्बर ७ निवासी राकेश कुमार यादवले जिल्ला प्रशासन कार्यालय रौतहटमा उजुरीसमेत दर्ता गराएका छन् ।

दर्ता गराइएको उजुरीमा गौर हस्पिटल प्रा.लि के, कुन प्रक्रिया अपनाई दर्ता गराएको, कुन निकायबाट नाम राख्न सहमति लिएको, नेपाल सरकारलाई तिर्नुपर्ने कर तिरेको हो या होइन ?, लेखापरीक्षण गराएको हो, होइन सहितको सम्पूर्ण कागजात झिकाएर छानविन गरी कारवाही गर्न उल्लेख गरिएको छ । यता प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले गौर हस्पिटल प्रा.लिको विषयमा गहन रुपमा छानविन गरी कानुनी कारबाही अगाडि बढाइने प्रतिबद्धता जनाएका छन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/११/१८**

**चोगखाङ हर्बल मेडिसिन सप्लायर्स प्रा.लि.** को मिति २०७९/१०/२२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चोगखाङ हर्बल सप्लायर्स प्रा.लि. (प्रा.लि.नं.: ३०३०९५)** कायम गर्ने गरी मिति २०७९/११/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जडिवुटी (सल्लाको आँख्ला) लिलाम विक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९ /११/१८**

डोटी जिल्ला जोरायल गा.पा. वडा नं. ४, डोटीमा रहेको यस सा.व.उ.स. को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा.४, सिलंगीवाघमा घाटगद्दी गरी राखिएको सल्लाको आँख्ला परिमाण ५२,००० के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री पिनाकेश्वर सा.व.उ.स. जोरायल गा.पा. ४, डोटी**

**जडिवुटी (सल्लाको आँख्ला) लिलाम विक्री सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९ /११/१८**

डोटी जिल्ला जोरायल गा.पा. वडा नं. ४, विनोडा, डोटीमा रहेको यस सा.व.उ.स. को वन क्षेत्रबाट आ.व. २०७९/०८० मा संकलन भएर उत्पादन भई जोरायल गा.पा. ४, सिलंगीवाघमा घाटगद्दी गरी राखिएको सल्लाको आँख्ला परिमाण ३७,००० के.जी. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ती, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री बेताल सा.व.उ.स. जोरायल गा. पा. ४, विनोडा, डोटी**

# केरवानी माविमा नगर प्रमुखको छड्के

**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, १७ फागुन




नमूना विद्यालयको रूपमा प्रस्तावित देवदहको केरवानी माध्यमिक विद्यालयमा देवदह नगरपालिकाका प्रमुख ध्रुव प्रसाद खरेल लगायतको टोलीले आकस्मिक अनुगमन गरेको छ। बुधबार बिहान ९:३० बजे विद्यालयको गेटमा पुगेका नगर प्रमुख खरेलले झण्डै ९० मिनेट विद्यालय र विद्यालयमा हुने गतिविधिहरूको निरीक्षण गरेका थिए ।

विद्यालयको आकस्मिक अनुगमनपछि शिक्षकहरूलाई निर्देशन दिँदै प्रमुख खरेलले विद्यालयमा देखिएका गतिविधिसँग आफू सन्तुष्ट हुन नसकेको बताए। 'बिहान ९:३० देखि म यहाँ छु, यहाँको क्यान्टिन, शौचालय, शिक्षकहरूका गतिविधिहरू सबै देख्दा मलाई विरक्त लाग्यो' उनले भने, 'मैले अपेक्षा गरेको केरवानी मावि यस्तो थिएन ।'

समयमा विद्यालय नआउने, पूरा अवधी विद्यालयमा नबस्ने, शिक्षक पोसाक नलगाउने, शिक्षकहरू ग्रुप बनाएर गफ गरेर बस्ने र आफ्नो विषयमा राम्रो नतिजा दिन नसक्ने शिक्षकलाई कारबाही गरिने उल्लेख गर्दै प्रमुख खरेलले अब नगरपालिकाले विद्यालयका प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विषय शिक्षकसँग सम्झौता गर्ने र सम्झौता अनुसारको नतिजा प्राप्त नभए सम्झौता पूरा नगर्ने शिक्षक र प्रधानाध्यापकलाई आवश्यक कारबाही अगाडि बढाइने बताए ।

शिक्षकले इमान्दार प्रयास गर्ने हो भने सामुदायिक विद्यालयको नतिजा अन्य विद्यालयको भन्दा उत्कृष्ट हुनसक्ने प्रमुख खरेलको भनाइ छ ।

त्यसैगरी देवदह नगरपालिका प्रवक्ता तथा विद्यालय अवस्थित वडा देवदह ५ का अध्यक्ष गणेश डुम्रेले देवदहको एकमात्र कृषि प्राविधिक पढाइ हुने केरवानी माविले पर्याप्त सम्भावना हुँदाहुदै पनि अपेक्षित काम गर्न नसकेको बताए। माछा पालन, केरा खेती सबैको अनुगमन गर्दा झाडी फाड्ने र खेती गरिँदै गरेको क्षेत्रलाई सोहीअनुसार विकास गर्नुपर्ने सामान्य काम समेत नगरिएको भन्दै प्रवक्ता डुम्रेले दुःख व्यक्त गरे ।

अनुगमन टोलीमा सहभागी विद्यालयका प्रधानाध्यापक निर्मल ढुंगानाले बुधबार शिक्षक पोसाक नलगाई विद्यालय आउने शिक्षकलाई लिखित स्पष्टीकरण दिन निर्देशन दिए । उनले भने, 'आज जो-जो सर-म्याडमले पोसाक लगाउनु भएको छैन, सबैले लिखित स्पष्टीकरण दिनुहोला ।'

शिक्षक पोसाक लगाएर समयमै विद्यालय आउन नसक्ने हो भने विद्यालय नआउन निर्देशन दिँदै प्रधानाध्यापक ढुंगानाले बिहीबारदेखि १० बजेभित्र विद्यालय प्रवेश नगर्ने शिक्षक र विद्यार्थीलाई विद्यालयको गेट नखुल्ने बताए। हाल विद्यालयमा १ हजार ५ सयको हाराहारीमा विद्यार्थी अध्ययनरत छन् भने कार्यरत शिक्षक संख्या ५५ र कर्मचारी संख्या ५ रहेको छ ।

# नेविसंघले निर्वाचनका लागि प्रतिनिधि खटायो



**काठमाडौं/मस-** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघ (नेविसंघ)ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचनलाई लक्षित गरी उपत्यकाका ३५ क्याम्पसमा केन्द्रीय प्रतिनिधि खटाएको छ। नेविसंघले आगामी चैत ५ गते हुन लागेको स्ववियु निर्वाचनमा आफ्नो उम्मेदवारलाई जिताउनका लागि बुधबार उपत्यकाका ३५ क्याम्पसमा नेविसंघका नेतालाई केन्द्रीय प्रतिनिधिका रुपमा खटाएको हो ।

नेविसंघ केन्द्रीय स्ववियु निर्वाचन प्रचारप्रसार समितिका संयोजक इञ्जिनीयर भुवन भट्टले आगामी चैत ५ गते हुने स्ववियु निर्वाचनको तयारीका लागि फागुन १९ गते क्याम्पसमा संगठन दर्ता गर्दा उत्साहजन सहभागिता गराउन र आफ्नो उम्मेदवारलाई विजय गराउनका लागि केन्द्रीय प्रतिनिधि खटाइएको जानकारी दिए ।

नेविसंघले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रविन कैनी, पद्मकन्या क्याम्पसमा करिना पुरी, त्रिचन्द्र क्याम्पसमा सुवास पौडेल, शङ्करदेव क्याम्पसमा विष्णुहरि खड्का, महाराजगञ्ज चिकित्सा क्याम्पसमा विनोद शाही ठकुरी, पशुपति बहुमुखी क्याम्पसमा जयराम बडाल, वाल्मिकी क्याम्पसमा अर्चना रेग्मी, ग्रामीण आदर्श क्याम्पसमा सुशान्त आचार्य र अमृत क्याम्पसमा ताराबहादुर थापालाई प्रतिनिधिका रुपमा तोकिएको छ ।

यस्तै पाटन क्याम्पसमा प्रविन ज्ञवाली, विश्वभाषा क्याम्पसमा धर्मराज शाही, सरस्वती क्याम्पसमा शोभा बस्ताकोटी, काठमाडौं शिक्षा क्याम्पसमा सुजन बञ्जारा, आरआर क्याम्पसमा गणेश टन्डन, नेपाल ल क्याम्पसमा राजकुमार बस्नेत, नेपाल कमर्श क्याम्पसमा तीर्थ मिश्र, कोटेश्वर क्याम्पसमा एञ्जर कार्की, सानोठिमी क्याम्पसमा जगतजङ्ग विष्ट, आयुर्वेद क्याम्पसमा राजकुमार भट्टराई र पिपल्स क्याम्पसमा पवन थापालाई तोकिएको छ ।

यसैगरी ललितकला क्याम्पसमा सुवास पुरी, मनहरा क्याम्पसमा विजेन केसी, वानेश्वर क्याम्पसमा उत्तम कार्की, भक्तपुर क्याम्पसमा अनिल सापकोटा, एनआर क्याम्पसमा सुनील शर्मा, जनप्रशासन क्याम्पसमा कृष्ण सुवेदी, पब्लिक युथ क्याम्पसमा सुजन बुढामगर, महेन्द्ररत्न क्याम्पसमा गणेश भण्डारी, जनमैत्री क्याम्पसमा उत्तम सुवेदी र कैलाशकुट क्याम्पसमा विन्दा बोगटीलाई केन्द्रीय प्रतिनिधिका रुपमा खटाइएको संयोजक भट्टले बताए ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
वि.स. १९९५/०८/०६

स्वर्गारोहण:
वि.स. २०७९-१०-०३

**स्व. कयोदेवी श्रेष्ठ**

यस श्री जनसुधार आधारभूत विद्यालयका विद्यालय व्यवस्थापन समितिका सल्लाहकार सदस्य तथा यस विद्यालयलाई लामो समयदेखि सहयोग गर्दै आउनु भएका श्री उपेन्द्रमान श्रेष्ठज्यूका ममतामयी माता **कयोदेवी श्रेष्ठ**को ८४ वर्षको उमेरमा असामयिक निधन भएको यस दुःखद घडीमा विद्यालय व्यवस्थापन समिति र शिक्षक परिवारको तर्फबाट ४५ औं दिनको पुण्यतिथिमा **हार्दिक श्रद्धाञ्जली** तथा शोक सन्तप्त परिवारमा समवेदना व्यक्त गर्दछौं ।

**जनसुधार आधारभूत विद्यालय परिवार**
**तथा**
**विद्यालय व्यवस्थापन समिति**
**स्वयम्भु-१५, किमडोल, काठमाडौं**



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०८/२४ मा दर्ता भएको **प्रा.लि.नं. १०७८३६/०६९/०७०**को **रोयल नगद सव मनी ट्रान्सफर प्रा.लि.**को मिति २०७९/११/१८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७९/११/१८**

**स्वर्णीम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्वर्णीम वासिङ्ग एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं.: १८८२४८)** कायम गर्ने गरी मिति २०७७/०९/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री शान्ती ओभरसिज प्रा.लि. (ई.प.नं. १४९५)** को साविक ठेगाना **काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ०९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ०४** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring office**
**Road Division Chaurjahari, Rukum (West)**

## Invitation for Bids

**Notice No.: 05/079/80**
**Date of Publication: 2079/11/18 BS (2023/03/02 AD)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum(west) invites electronic bids from eligible bidders for the following works:

| S.No | Contract No. | Description and Location of Works | Estimated Amount (Excluding VAT and PS) (NRs.) | Bid Security Amount (NRs.) | Validity of Bid Security (Days) | Non Refundable Bid Document Fee (NRs.) | Qualifying Criteria | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | AACT of Best three years within last 10 years | Specific work experience |
| 1 | RDCJI/337310113/ IFB05/79/80-28 | Structural Works, Cross Drainage works on Rapti Rajmarg, Khaula-Musikot Section (Ch=137+280-157+280 To link Road Ch=0+400 -11+ 750), Rukum West | - | 9,65,000.00 | 120 | 5,000 | 39 million | As stated in Section III. Evaluation and Qualification Criteria of Bidding Documents |
| 2 | RDCJI/337310113/ IFB05/79/80-29 | Specific Maintenance works (Causeway) on Chedda-Jajarkot Road Section | 34,65,245.19 | 77,000 | 120 | 3000 | - | |
| 3 | RDCJI/337310113/ IFB05/79/80-30 | Structural Works and Pavement works on Chedda Jajarkot Section, Jajarkot. | - | 4,85,000.00 | 120 | 5,000 | 20 million | |

| | | | |
|---|---|---|---|
| **Last date and time of purchase of Bid Document** | 2079/12/19 B.S.(2023/04/02 A.D.); up to 12:00 Noon | **Last date, time and place of bid submission:** | 2079/12/19 B.S.(2023/04/02 A.D.); up to 12:00 Noon |
| **Date, time and place of bid Opening** | 2079/12/19 B.S.(2023/04/02 A.D.); up to 13:00 | **Bid security validity period** | 30 days beyond Bid Validity Period (120 days from the date of bid opening). |
| **Date, time and place of Pre-Bid Meeting** | 2079/12/12 B.S(2023/03/26 A.D.) 13:00 | | |
| **Account No. for Bid Document Purchase** | Nepal Bank Limited, Jajarkot A/C No. 00101000000001001001 Office Code: 337016601 Road Division Chaurjahari, Rukum(west) Revenue Heading No.: 14229 | | |
| **Account No. for Bid Security Deposit** | Deposit Account Details Name of Bank: Nepal Bank Ltd, Jajarkot Account Deposit No: 07502000000000000340 District Treasury Controller Office, Jajarkot (Ko.Le.Ni.Ka) or Bank Guarantee (Issued by 'A' Class Commercial Bank) Office Code: 337016601, Road Division Chaurjahari, Rukum(west)(mention purpose of deposit stating contract No. clearly). | | |

## Invitation for Sealed Quotation

**Notice No.: 05/079/80**
**Date of Publication: 2079/11/18 BS (2023/03/02 AD)**

Ministry of Physical Infrastructure and Transport; Department of Roads; Federal Road Supervision and Monitoring office, Road Division Chaurjahari, Rukum(west) invites electronic bids from eligible bidders for the following works:

| Contract Identification Number | Description of work | Bid Security Amount in (NRs.) | Estimated Amount Without VAT & PS (NRs.) | Non- Refundable Fee for Bid Document Purchase (NRs.) |
|---|---|---|---|---|
| RDCJI/337310113/ IFB05/79/80-27 | Recurrent Maintenance and Pot Hole Repair works on Rapti Lokmarg Road (Khaula-Musikot Section ) CH 142+400 to 144+300, Rukum West | 41,000 | 16,15,361.00 | 1000 |
| RDCJI/337310113/ IFB05/79/80-31 | Drain Cover works on Rapti Rajmarg Link Road CH 8+500-10+000, Rukum West | 32000 | 12,80,882.40 | 1000 |

| | | | |
|---|---|---|---|
| **Last date and time of purchase of Bid Document** | 2079/12/03 B.S.(2023/03/17 A.D.); up to 12:00 noon | **Last date, time and place of bid submission:** | 2079/12/03 B.S.(2023/03/17 A.D.); up to 12:00 noon |
| **Date, time and place of bid Opening** | 2079/12/03 B.S.(2023/03/17 A.D.); 13:00 | **Bid security validity period** | 30 days beyond Bid Validity Period (75 days from the date of bid opening). |
| **Banking Details Mention as per Above** | | | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://***bolpatra.gov.np/egp*** and for additional information please inspect the bidding documents at the Road Division Chaurjahari, Rukum(west)
2. Road Division Chaurjahari, Rukum(west) reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Division Chief**

मध्यान्ह
www.madhyanhadaily.com
१८ फागुन २०७९, बिहीबार
2 March 2023, Thursday

## सम्पादकीय

### लोकतन्त्रको उपहास

जाजरकोटको भेरी नगरपालिकामा एनआईसी एशिया लघुवित्तका कर्मचारीमाथि दुईजना अज्ञात व्यक्तिले कालोमोसो दले । उनीहरूसँग भएको रकम पनि लुटे । कानुनी छिद्र र अज्ञानतामाथि खेलवाड गर्दै लघुवित्तले ऋणीबाट ठगेका केही उदाहरण सार्वजनिक भएका छन् । तर, त्यस्तो केही उदाहरणलाई आम प्रवृत्तिका रूपमा ब्याख्या गर्दै ऋण नै नतिर्ने र ऋण उठाउन आउनेलाई कालोमोसो दल्ने भनी अभियान नै चलाइन थालेको छ । त्यही अभियान अन्तर्गत अराजक व्यक्तिहरूले १६ फागुनमा जाजरकोटको भेरी नगरपालिकामा मासिक किस्ता उठाउन गएका लघुवित्तका कर्मचारीमाथि कालोमोसो दलेर साथमा रहेको किस्ता असुल नगद खोसिएको हो । घटना के भएको भन्ने प्रष्ट जानेको जाजरकोट प्रहरी त्यस्तो अराजक व्यक्तिसम्म पुग्न सकेको छैन् । तर, अराजक गतिविधिलाई प्रश्रय दिनेहरू समाजमा मज्जैले घुमिरहेका छन् । समाजमा कुनै पनि विषयमा असन्तुष्टि हुन सक्छ । कसैले कसैमाथि थिचोमिचो गर्न सक्छ । यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्न, न्याय र अन्याय छुट्याउन राज्य निर्माण भएको हो । राज्यसँग विधि, विधान, नियम, कानून हुन्छ । के गर्न हुने र के गर्न नहुने तय हुन्छ । गलत हो भन्ने जान्दा जान्दै अराजकता मच्चाउनेप्रति राज्य बेखबर हुनु गम्भीर विषय हो ।

राज्यको न्यूनतम मान्यताको खिलापमा हुंकार गर्दै हिर्डिंरहेका छन्–दुर्गा प्रसाईं । उनी आफूलाई व्यवसायी हुँ भन्छन् । विगतमा उनले दलपिच्छे प्रभाव पारेर शक्ति आर्जन गरेको छिपेको छैन् । पछिल्ला दिनमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई अघि लगाएर हिंडिरहेका छन् । राजालाई देखाएर उनी खुलमखुला धम्की दिइरहेका छन् – लघुवित्तको ऋण तिर्न पर्दैन । उनको यही खुलमखुला धम्कीको प्रभाव जाजरकोटमा देखा परेको हो । उनले दुई साताअघि ज्ञानेन्द्र शाहकै सामुन्ने बैंक तथा वित्तीय संस्थाका कर्मचारीलाई कालोमोसो दल्ने उद्घोष गरेका थिए । 'ती कर्मचारीलाई कालोमोसो दल्दा केही हुँदैन, पुलिसले हिरासतमा लगेर चार–पाँच दिन राख्ने न हो', उनले धम्की दिएका थिए । उनको धम्की व्यवहारमा उतार्न थाल्दा जाजरकोट घटना भएको हो । लोकतन्त्रमा दल खोल्न, संगठित हुन र अभिव्यक्ति राख्न हरेकलाई छुट छ । तर राज्यको कानूनभन्दा कोही माथि हुँदैनन् र छैनन् पनि ।

तर, पछिल्लो समय खुलेआम भइरहेका अराजकताविरूद्ध राज्य एक्सनमा उत्रन सकेको छैन । संविधान र कानूनले प्रत्याभूत गरेको आधारभूत हकलाई समेत चुनौती दिने गरी भइरहेका गतिविधिलाई सरकार र कुनै पनि राजनीतिक दलहरूले गम्भीर रूपमा लिएको देखिंदैन । जागीर खाने कर्मचारी जो अर्कै संस्थाले लिएको ऋण उठाउन ऋणीसम्म पुग्छ । तर, उसकै जीउ ज्यानको सुरक्षाको ग्यारेन्टी छैन । किनभने ती कर्मचारीको सुरक्षामा न जागीर दिने संस्था जिम्मेवार छन् न त राज्य । राज्यको यस्तो शून्य उपस्थिति लोकतन्त्रका लागि असुहाउदो र अमिल्दो कुरा हुन् । यसतर्फ सबैपक्ष बेलैमा सचेत र सजग हुनैपर्छ ।

# वास्तु सिद्धान्त र हाम्रा व्यवहार

*मूल प्रवेशद्वार पूर्वतर्फ फर्केको छ भने शुभ हुन्छ । आग्नेयतर्फ फर्केको भए सन्त्रास, चिन्ता हुन्छ । उत्तरतर्फ फर्केको भए धनसम्पत्ति सम्पन्न हुन्छ । नैऋत्यतर्फ फर्केको भए अशान्ति, कलह हुन्छ । पश्चिमतर्फ फर्केको भए आर्थिकसंकट, तनाव र विभिन्न समस्याहरू हुन्छन् ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

वास्तुपद्धतिअनुसार घरको आरम्भ गर्दा वरुणदेवतादेखि नवग्रहको विशेष आराधना गर्नुपर्छ । जन्मकालदेखि मृत्युपर्यन्त नवग्रहहरुको प्रभाव मानव जीवनमा परिरहेको हुन्छ । शुभग्रहले सुख दिन्छ, अशुभ ग्रहले दुःख दिन्छ । एउटै ग्रहले स्थान, समय र परिवेशअनुरूप सुख र दुःख दुबै दिन्छ र त कोही व्यक्ति अप्रत्याशित सम्राट तथा राष्ट्रपतिसम्म हुन्छन् । उनै व्यक्ति समय गतिअनुसार सडकछाप बन्न पुग्छन् । रोडपति करोडपति पनि बन्न पुग्छन् । समय कालचक्रकै घेराबन्दीमा हुन्छन्, त्यसैले कालका पनि काल महाकाल, महामृत्युञ्जय महाकालेश्वरको स्मरण जीवनको उषाकालदेखि अन्त्यसम्म आवश्यक छ । जीवनका विविध चरणहरु (घर निर्माण, शिलान्यास, प्रवेश, ठाउँसारी, पदप्रतिष्ठाको वृद्धि आदि)मा ग्रह गतिभन्दा माथि रहेका कालपुरुष, वास्तुपुरुषलाई संस्मरण गरिन्छ ।



ग्रहहरुको सुदृष्टिमा मान, समृद्धि, आयु, आरोग्य, धनबल, जनबल, मनबल, आत्मबल सबै हुन्छ भने पराक्रम र श्रीवृद्धि जनकल्याणसमेत भई स्वास्थ्य राम्रो हुन्छ । किन्तु ग्रहहरुको कुदृष्टिमा आफ्नै परिवार, आफ्नै घर, आफ्नै सम्पत्ति, आफन्त पराई बन्न पुग्छन् । ग्रहका गतिअनुरूप उल्का, त्रिभागी, विंशोत्तरीदेखि अनेकौं दशा, अपयश, दुःख हैरानी यहाँसम्म कि मुद्दामामिला, झै झगडा, अड्डा अदालतदेखि कारागारसम्मको स्थिति देखापर्न सक्छ । अतः गृह निर्माणको आरम्भकै बेलामा नवग्रह शान्ति गराउनु पर्ने हुन्छ । नवग्रहहरु सातबारको रूपमा र राहु र केतुगरी नौ पर्दछन् । यी ग्रहहरुका शुभ र अशुभ फल दुबै छन् ।

वास्तु परम्पराअनुसार घर, भवन निर्माण आरम्भ गर्दा ग्रहशान्तिका आवश्यक सरसामग्रीहरुदेखि स्वर्णकलश स्वर्णप्रतिमा, दीप, पान, जनै, सुपारी, तामाका थालीहरु, तामाका कलशहरु, पञ्चामृत (दूध, दही, घ्यू, मह, चिनी) पञ्चगव्य (गहुँत, गोबर, दूध, दही, घ्यू आदि) पञ्चरङ्गीहरु (रातो, कालो, नीलो, सेतो, खैरो), पञ्चपल्लब (आँप, पीपल, वर आदि) केसर, कपुर, तिल, जौ, फूल, अगरु, धूप, श्रीखण्ड, होमका सामान, सप्तधान्य, सप्तमृत्तिका र शिलाहरु (नन्दा, भद्रा, जया, पूर्णा आदि) आवश्यक हुन्छ । त्यस्तै प्रोक्षणी, प्रणीता, सुरो, वेलपत्र, कुश, कन्या, गाई, ब्राह्मण, गुरु, देवतामूर्ति, श्रीफल, धोती, उपर्ना, चामल, पूर्णपात्र, मासको पायस, दूधको पायस, ग्रहदानका सामान, घृतछायाँपात्र, रक्षासूत्र, क्षेत्रपालको बलि, प्रेत आदिको बलि, चोखोपानी, दक्षिणा, वरण, टिकासामग्री वैदिक मन्त्रोच्चारणसहित तयार भएर वास्तुविधानले घर, भवनको शिलान्यास गर्दा नवग्रहहरु प्रशन्न रहन्छन् । घर, जमिनभित्र वा वरिपरि नागको शिर नागको अवतजावत हुन सक्ने स्थान, कुमारीको भ्रमणक्षेत्र आदि हुन सक्नेहुँदा ज्योतिष, पण्डित, वास्तुविद, विज्ञबाट माटो परीक्षण गरी माटोलाई (जमिन) शल्यक्रिया गरी घर निर्माण आरम्भ गरियो भने ग्रहगतिका कारण, आगजनी, भूकम्पका कारण घर, भवनबाट निराश हुनु पर्दैन । भूकम्पका जोखिमसँग लड्ने क्षमता वैज्ञानिक संयन्त्रदेखि वास्तु संयन्त्रसम्मका विधान र प्रक्रियाहरु छन् ।

*जन्मकालदेखि मृत्युपर्यन्त नवग्रहहरूको प्रभाव मानव जीवनमा परिरहेको हुन्छ । शुभग्रहले सुख दिन्छ, अशुभ ग्रहले दुःख दिन्छ । एउटै ग्रहले स्थान, समय र परिवेशअनुरूप सुख र दुःख दुबै दिन्छ र त कोही व्यक्ति अप्रत्याशित सम्राट तथा राष्ट्रपतिसम्म हुन्छन् । उनै व्यक्ति समय गतिअनुसार सडकछाप बन्न पुग्छन् ।*

घर, भवनको शिलान्यास वास्तु पद्धतिअनुसार गरी घर निर्माण सम्पन्न गरेर गृहप्रवेश गर्दा पनि वास्तु पद्धतिअनुसार नै घर सर्नुपर्ने हुन्छ । सर्वप्रथम वास्तु चक्र बनाउँदा वास्तु कोठाका रेखाहरु सेतो रंगले बनाउने र बीचको ब्रह्मभागमा कमल बनाई रातो रंगले भर्ने अन्य कोठाहरु पनि रातो तथा अन्य रंगले भर्ने गर्नुपर्छ ।

नवगृह प्रवेश गर्दा सूर्य उत्तरायण (वैशाख, जेठ, माघ, फागुन) राम्रो मानिन्छ । आइतबार, मंगलबारलाई त्यत्ति उत्तम मानिदैन । रिक्ता (चौथी, नवमी, चतुर्दशी) तिथिलाई उत्तम मानिदैन । औंशी तिथि पनि निषेध छ । आफ्नो जन्मकुण्डलीअनुसार नवग्रहको स्थिति हेरी ग्रहअनुसार आफ्नो जन्म राशिदेखि वा लग्नदेखि तेस्रो, छैठौं, एघारौंस्थानमा पापग्रह रहनेगरी द्वादशमानमध्ये पहिलो, सातौं, नवौं, दशौं, दोस्रो, आदि स्थानमा शुभग्रह (बृहस्पति, चन्द्रमा, बुध, शुक्र आदि ग्रह) पर्नेगरी चारौं र आठौंस्थान शुद्ध गरी जन्मलग्न (१२ वटा राशिअनुरूप १२ लग्न)देखि अष्टमलग्न छोडी शुद्ध समय पारी, शुभ बेला, अमृतबेला पारी जलपूर्ण घडासहित कलशचक्रसमेत जुराएर गाई, ब्राह्मण, कन्या, देवता अघि लगाई दीप, कलश, गणेश पूजा गरी, लिई स्वस्तिवाचनपूर्वक गृहप्रवेश गर्नुपर्छ र गृहप्रवेश गर्दा पनि ग्रहशान्ति पूजा हवनादि कार्य, मास, दाल, चामलको पायसदेखि वास्तुपुरुषको पूजा, वास्तुचक्र (८४, ८१) बनाई विधिपूर्वक पूजा, रुद्री, हवन, भूतबलि, प्रेतपिशाचको शुद्धिसहित गृहप्रवेश सम्पन्न गरी नवगृह प्रवेशको पाँच दिनसम्म अहर्निश (२४ घण्टा) दीपप्रज्वलन गरी पाँच दिनसम्म नवगृहमा खानपिन रात्रिबास गर्नुपर्छ ।

मूल प्रवेशद्वार पूर्वतर्फ फर्केको छ भने शुभ हुन्छ । आग्नेयतर्फ फर्केको भए सन्त्रास, चिन्ता हुन्छ । उत्तरतर्फ फर्केको भए धनसम्पत्ति सम्पन्न हुन्छ । नैऋत्यतर्फ फर्केको भए अशान्ति, कलह हुन्छ । पश्चिमतर्फ फर्केको भए आर्थिकसंकट, तनाव र विभिन्न समस्याहरु हुन्छन् । वायव्यतर्फ फर्केको भए सदैव थप समस्याहरु थुप्रन्छन् । एउटै मूल प्रवेशद्वारलाई शुभ मानिन्छ । यस्तो घरमा शौभाग्य, सन्तान सुख, र विजय प्राप्त हुन्छ । घर प्रवेशद्वारभन्दा वास्तुदेवता बस्ने ठाउँ देब्रे छ भने त्यस्तो घर निन्दित हुन्छ । विघ्न वाधाहरु धेरै आइलाग्छन्, धनको कमी र इष्टमित्र थोरै मात्रामा हुन्छन् । घर प्रवेश गर्दा जहिले पनि दाहिने पारेर पस्ने गर्नुपर्छ । यस्तो घरमा सन्तान सुख, धन, कीर्ति आयुवृद्धि हुन्छ । घरको पछाडिबाट मूलद्वार भई प्रवेश गर्नु भनेको देब्रे पारी प्रवेश गर्नु हो । यस्तो घरमा आधि, व्याधि धेरै हुन्छन् ।

घरको मूलद्वार भत्के टुटेको भए घरमूलीलाई अनिस्ट हुन्छ । बाहिरतिर झुकेको ढोका भए घरमूली धेरैसमय घर बाहिर नै रहनुपर्छ । भित्रतिर झुकेको भए धन र मन दुबै क्षय हुन्छ । टेढो भएको ढोका भए कुल प्रतिष्ठामा आघात पर्छ । आफैँ खुल्ने ढोका र आवाज दिँदै खुल्ने ढोकाले सदैव डर पैदा गराउँछ । धन, जनको क्षय गराउनुको साथै बन्धुबान्धवमा वैमनस्यता गराउँछ, कलहकारी पनि हुन्छ । अन्य घरको छायाँ, रुख, खम्बा या मन्दिरको छायाँ मूल ढोकामा पर्छ भने घरमूलीलाई अनिष्ठ हुन्छ । त्यसैले मूल ढोकामा सकेसम्म कसैको केहीको छायाँ नपर्ने गरी बनाउनुपर्छ ।

ठूला रुखहरुको सामुन्ने भएका मूल ढोकाबाट शिशुहरु बिरामी पर्छन् । इनार, धारा वा जलाशय सामुन्ने छन् भने परिवारमा रोग बृद्धि र धनको अधिक खर्च हुन्छ । मन्दिरको सामुन्ने भएपनि धनको क्षय हुन्छ । ठूला खम्बाहरु सामुन्ने भए घरकी गृहिणीलाई हानि हुन्छ । हिलो भए मनमा चिन्ता हुन्छ भने मूल सडक वा गल्लीले सिधै स्पर्श गरेको मूल ढोका भएको घर भए घर मूली बढी घर बाहिर नै रहनु पर्छ ।

***(लेखक पौडेल वास्तुशास्त्री हुन् ।)***

## सामाजिक सञ्जाल



**- भानुप्रसाद आचार्य**

आजको राजनीतिले भोलिको समाज विज्ञान आकंलन गरे सफलताको सम्भावना अधिक हुन्छ । आजको अंकगणितमाथि भर परे असफलता नजिक हुन्छ । अंकगणीतिय परिणाम दल तथा नेताको तत्कालको स्वार्थमा केन्द्रित भोलिको समाज निर्माणमा कम चासो । ल्याउ जनमानसमा समृद्धिको, पाटो पछ्याऊ समाज विज्ञानको दुरगामी बाटो ।



**- च्यवन घिमिरे**

सरकारसँग इलेक्ट्रिक बस किन्न भनेर अर्बौं लिएर वर्षौं गाडी किन्न नसक्ने, ३७ थान किनेको गाडी पनि चार्जिङ स्टेसनको लागि ठाउँ नभेटेको निहुँ पारेर थन्क्याएर राख्ने, जाबो चार्जिङ स्टेसनको व्यवस्था गर्न नसक्ने साझा र अंगुरबाबा टीमले साझा चलाएर उभो चाहिँ लगाउँदैन !



**- मनोज ज्ञवाली**

अर्थतन्त्र असहज स्थीतिमा छ । सरकारको खर्चमा संरचनागत समस्याको खाडल ठूलो हुँदैछ तर, यसको निकासको बारेमा छलफल हुनु र यो विषय प्राथमितामा पर्नुपर्ने बेलामा पदको बाँडफाँट र व्यक्तिगत स्वार्थका कारण राजनैतिक अस्थिरता बढ्दो छ । आगामी समय अझै चुनौतिपूर्ण छ । जिम्मेवारीबोध होस !



**- राजन भट्टराई**

अन्तर्राष्ट्रिय राजनीति प्रतिस्पर्धाबाट द्वन्द्वतर्फ जाने खतरा बढ्दो छ । यसका कारण हाम्रो जटिल भूराजनीतिक अवस्था थप जटिल बन्दैछ । समयले हामीसँग परिस्थितिको गम्भिरतालाई बुझेर सुझबुझपूर्ण हिसाबले सन्तुलित र विश्वासीलो कदम चाल्न सक्ने बलियो नेतृत्वको माग गर्दछ । तर, हाम्रो नेतृत्व..?




**- युवराज संग्रौला**

दिग्भ्रमीत र ज्ञानको अभाव ग्रस्त, अभाव र कुण्ठाले डसेको समाजमा मानिसको विश्लेषण गर्ने दिमागको अङ्ग बेकम्मा भएको हुन्छ । तब झुट्टो दिग्भ्रमीत मानिस सत्यलाई धीकार्दै अरूलाई गाली गर्दै आत्मसन्तुष्टि लिन्छ । तर, पछि आउने समयले बिगतलाई नाङ्गो पार्छ । यही हो ऋृत ।

# राजनीतिमा विश्वसनियताको प्रश्न

टिप्पणी



● लेखराज रेग्मी



राजनीति सधैं सरल रेखामा जादैन । उतार चढाव हुने गर्दछन् । तर, मानवीय स्वभाव भने सधैं निर्वाध एकमना बढ्दो ग्राफको पक्षपाती हुन्छ । निराशा र पलायनको श्रोत नै यहि हो, जस्ले अस्थिरता, अन्यमनस्कता, आत्मसमर्पणदेखि पतनसम्मको बाटो खोलिदिन्छ । त्यसैले राजनीतिको निरन्तरताको अर्थ लक्ष्य, उद्देश्य, कार्यक्रम, नीति र योजनामा निरन्तरताको आधारमा खोजिन्छ । नेताहरु त फेरिनसक्ने औजार मात्रै हुन भनिन्छ । तर, पनि लामो सहकार्य सम्बन्ध र विश्वासको जगमा स्थापित नेताप्रति आम अपेक्षा हुन्छ, उसैले निर्णायक स्थितिसम्म अगुवाई गरोस् ।

हामी नेतृत्वप्रतिको विश्वासलाई अन्धविश्वासको स्तरसम्म पुग्न दिन्छौ, समर्पित र न्यौछावर हुन्छौ, आलोचनात्मक चेतना गुमाउँछौ तर, जब सामान्य चेतनामा ठेस लाग्ने स्थितिमा पुगिन्छ, भावनामा ठेस लाग्छ क्रमशः सम्बन्ध फैरिँदै जान थाल्छ, दुरी बढ्छ र सम्बन्ध औपचारिकतामा सिमित हुन थाल्छ । एकअर्काप्रतिका व्यवहार बदलिन थाल्छन् । यो समय खुलेर स्थितिबारे छलफल र बहस चलाउने समय हो तर, हामी एकअर्काप्रति अविश्वास गर्न थाल्छौं । छल्न र छलिन थाल्छौं । यो कुरा नेता कार्यकर्ता सम्बन्धमा दुवैतिरबाट देखिन सक्छ वा संयुक्त आन्दोलन, गठबन्धन, मोर्चा वा विषयगत सहकार्यका एकाइहरु सबै ठाउँमा फरक-फरक ढंगले तर, एकनासले लागु हुने रहेछ ।

*हामी नेतृत्वप्रतिको विश्वासलाई अन्धविश्वासको स्तरसम्म पुग्न दिन्छौ, समर्पित र न्यौछावर हुन्छौ, आलोचनात्मक चेतना गुमाउँछौ तर, जब सामान्य चेतनामा ठेस लाग्ने स्थितिमा पुग्छौं, भावनामा ठेस लाग्छ क्रमशः सम्बन्ध फैरिँदै जान थाल्छ, दुरी बढ्छ र सम्बन्ध औपचारिकतामा सिमित हुन थाल्छ । एकअर्काप्रतिका व्यवहार बदलिन थाल्छन् । खुलेर स्थितिबारे छलफल र बहस चलाउने समयमा हामी एकअर्काप्रति अविश्वास गर्न थाल्छौं ।*

